mail:-info@shuklaphantamun.gov.np
फोन.नं. ०९९-५४००१०
फयाक्स:-०९९-५४००१०

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र.संख्या:- ०७८/०७९
च.नं.

मिति :- २०७८/१०/०९

विषय - सूचना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस ( कोभिड -१९ ) माहामारी हाल तिव्र रुपमा फैलिएको सन्दर्भमा यस शुक्लाफाँटा नगरपालिका कोरोना भाईरस रोग संक्रमण , रोकथाम जोखिम न्यूनिकरण तथा अन्य आपतकालिन व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक निर्णय गर्ने कार्यपालिकामा निहित अधिकारहरु प्रयोग गर्ने गरि गठित समितिको मिति २०७८/१०/०९ गतेको बैठकको निर्णयानुसार यस शुक्लाफाँटा नगरपालिका कार्यालयका ८ (आठ) कर्मचारीहरु तथा नागरिक माझ पनि ठुलो संख्यामा संक्रमण पुष्टी भएको अवस्था छ । यसै तथ्यलाई मध्यनजर गर्दै कोभिड – १९ को संक्रमण बाट जोगिन तथा जोगाउन यस कार्यालय तथा मातहतका निकाय बाट दिईने अति आवश्यक सेवाहरु दमकल , एम्बुलेन्स सेवा , सरसफाई र स्वास्थ्य सेवा मात्र संचालन हुने तथा सो बाहेकका सेवाहरु मिति २०७८/१०/१० गते देखी मिति २०७८/१०/१४ गते सम्म ५ (पाँच) दिनको लागि बन्द गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७८/१०/०९

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मिति २०७८/१०/०९ गतेका दिन कोरोना भाईरस रोग संक्रमण , रोगथाम जोखिम न्यूनिकरण तथा अन्य आपतकालिन व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक निर्णय गर्न कार्यपालिकामा निहित अधिकारहरु प्रयोग गर्ने गरी गठित समितिको बैठक नगर प्रमुख श्री दिल बहादुर ऐर ज्यूको अध्यक्षतामा बैठक बसी देहायको उपस्थितीमा निम्न निर्णय गरियो ।

**उपस्थिती**

नगर प्रमुख श्री दिल बहादुर ऐर - संयोजक

नगर उपप्रमुख श्री तुलसीदेवी हमाल - सदस्य

प्रमुख प्रशासकिय अधिकृत श्री टिकेन्द्रराज भट्ट - सचिव

**आमन्त्रीत**

श्री कमलराज गिरी - नगर प्रवक्ता

श्री रमेश बहादुर ऐर - वडा अध्यक्ष

श्री परमानन्द भट्ट - स्वास्थ्य संयोजक

श्री सुरेन्द्र देव भट्ट - बैठक शाखा

**निर्णय - १-** विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस ( कोभिड -१९ ) माहामारी हाल तिब्र रुपमा फैलिएको सन्दर्भमा यस शुक्लाफाँटा नगरपालिका कार्यालयका ८ (आठ) कर्मचारीहरु तथा नागरिक माझ पनि ठुलो संख्यामा संक्रमण पुष्टी भएको अवस्था छ । यसै तथ्यलाई मध्यनजर गर्दै कोभिड - १९ को संक्रमण बाट जोगिन तथा जोगाउन यस कार्यालय तथा मातहतका निकाय बाट दिईने अति आवश्यक सेवाहरु दमकल , एम्बुलेन्स सेवा , सरसफाई र स्वास्थ्य सेवा मात्र संचालन हुने तथा सो बाहेकका सेवाहरु मिति २०७८/१०/१० गते देखी मिति २०७८/१०/१४ गते सम्म ५ (पाँच) दिनको लागि बन्द गर्ने निर्णय गरियो ।

Scanned with CamScanner